# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : २ कागबेनी, मुस्ताङ, संख्या :१ मिति : २०७८ साल आषाढ १५**

### भाग–१

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को आर्थिक ऐन**

**वारागुङ मुक्तक्षेत्र गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८को उपधारा (२) बमोजिम वारागुङ मुक्तिक्षेत्र गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि वारागुङ मुक्तिक्षेत्र गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत/ सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। *(एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने*)

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र पाईने जडिवुटी संकलन तथा निकासिमा र च्यांग्रा चौंरि जस्ता पशु निकाशिमा अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. पर्यटन प्रवेश शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ।

१५. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची १:

## सम्पत्ति कर

गाउँपालिकाले हाललाई सम्पत्ति कर निर्धारण गरेको छैन।

## अनुसूची २:

## भुमिकर मालपोत

गाउँपालिकाभित्र रहेको जमिनमा ३ रोपनिसम्म रु. ६०, ३ रोपनिभन्दा माथि रु. २० रोपनिसम्म अतिरिक्त प्रति रोपनी रु. २५ का दरले र २० रोपनी देखि माथि थप जग्गामा प्रति रोपनी रु. ३० का दरले मालपोत कर असुल उपर गरीनेछ। तर शाङ्ता, घ्याकर र समर गाउँको हकमा भने जम्मा रकममा ५० प्रतिशत छुट दिइनेछ। एकिकृत सम्मत्ति कर लागु भएको अवस्थामा सोहि अनुसार कर असुल गरीनेछ।

## अनुसूची ३:

## घर जग्गा बहाल कर

गाउँपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले पूर्ण वा आंशिक रुपले भाडामा लगाएको घर वा जग्गाको भाडा सम्झौता रकमको दश प्रतिशत रकम घर बहाल करको रुपमा असुल उपर गरीनेछ।

## अनुसूची ४:

## व्यवसाय कर

होटल व्यवसाय कर (अनुमानित वार्षिक आम्दानी गर्नेसक्ने क्षमताको आधारमा होटल वर्गिकरण गरि निम्नानुसार कर संकलन गर्ने निर्णय गरीयो।

| वर्ग | अनुमानित वार्षिक आम्दानी क्षमता | वार्षिक कर रकम रु. |
|---|---|---|
| क | ३० लाख वा सो भन्दा माथि | ६,०००/- |
| ख | २० लाख देखि माथि ३० लाख भन्दा कम | ४,०००/- |

| | | |
|---|---|---|
| ग | १० लाख देखि माथि २० लाख भन्दा कम | ३,०००/- |
| घ | १० लाख भन्दा माथि | २,०००/- |

होटल बाहेक अन्य तल उल्लेखित व्यवसायमा तपशिल बमोजिमको कर निर्धारण गरि संकलन गर्न लगाउने निर्णय गरियो।

| क्र.सं. | व्यवसायको प्रकार | वार्षिक कर रकम रु. |
|---|---|---|
| १ | होम स्टे | ५००/- |
| २ | होलसेल पसल | २,०००/- |
| ३ | किराना पसल | १,०००/- |
| ४ | ब्लक उद्योग | ५,०००/- |
| ५ | ग्यारेज वर्कसप | ५,०००/- |
| ६ | थ्रेसर कुटानी पिसानी मिल | ५००/- |
| ७ | फर्निचर उद्योग | १०,०००/- |
| ९ | रेष्टुरेन्ट स्टेशनरी र अन्य | १,०००/- |
| १० | डिस्टिलरी उद्योग | १०,०००/- |
| ११ | पानी उद्योग | ५,०००/- |
| १२ | पटके पसल | ५००/- |
| १३ | फ्रेस हाउस | २,०००/- |
| १४ | क्रसर उद्योग | ५,००,०००/- |

खुद्रा व्यापार (ट्रक भ्यान आदिमा सडक किनारमा) को लागि प्रति पटक रु. ५००/- को दरले संकलन गर्ने निर्णय गरियो।

## अनुसूची ५:

## जडिबुटि र जिवजन्तुकर

| | |
|---|---|
| व्यवसायीक पशु बिक्रिमा कर | प्रति बाख्रा रु. २०, प्रति याक रु. ५०० |
| अन्य पालिकाबाट व्यवसायिक प्रयोगको लागि ल्याउँदा ७ दिन सम्मको लागि चरिचरण बापत | प्रति बाख्रा रु. ५, प्रति याक रु. २० |
| कृषिजन्य वस्तु बिक्रिमा कर | प्रति ठुलो ट्रक रु. ५,०००/-<br>प्रति सानो ट्रक रु. २,५००/-<br>प्रति ट्र्याकटर रु. ५००/- |
| जडिबुटि व्यवसायीक बिक्रि | यार्सागुम्बा प्रति के.जि. रु. १०,०००/-<br>जिम्बु प्रति के.जि. रु. ५० |

## अनुसूची ६:

**सवारी साधन कर**

सवारी साधन दर्ता र नविकरण सिफारीश शुल्क देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | सवारी साधन | सिफारिस शुल्क (वार्षिक) |
|---|---|---|
| १ | चेन भएको एक्साभेटर | १०,०००/- |
| २ | टायर भएको एक्साभेटर, ब्याक हु लोडर | ५,०००/- |
| ३ | ट्रक, टिपर,बस | ३,०००/- |
| ४ | जिप,ट्याक्सि (हरियो, रातो प्लेट) | २,०००/- |
| ५ | जिप, ट्याक्सि (कालो प्लेट) | १,५००/- |
| ६ | ट्याकटर | १,५००/- |
| ७ | अन्य | १,०००/- |

**अनुसूची ७:**

**विज्ञापन कर**

विज्ञापन कर गण्डकी प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**अनुसूची ८:**

**मनोरञ्जन कर**

स्वदेशी छायांकन डकुमेन्ट्री भिडियो- रु. ५,०००/-

स्वदेशी चलचित्र- रु. ७,०००/-

बिदेशी छायांकन- रु. १०,०००/-

**अनुसूची ९:**

**बहाल बिटौरी शुल्क**

हाल यसमा कुनै शुल्क निर्धारण नगरिएको हुँदा पछि गाउँ कार्यापालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**अनुसूची १०:**

**पार्किङ्ग शुल्कका**

## अनुसूची ११:

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा शुल्क

हाल यसमा कुनै शुल्क निर्धारण नगरिएको हुँदा पछि गाउँ कार्यापालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची १२:

### शुल्क तथा दस्तुर

| सि.नं. | सेवाको प्रकार | शुल्कदस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकताको सिफारिस | २००/- | |
| २ | नाता प्रमाणित | ५००/- | |
| ३ | चार किल्ला प्रमाणित | ५००/- | |
| ४ | जग्गा नामसारि | २००/- | |
| ५ | जन्म मिति प्रमाणित | २००/- | |
| ६ | वैवाहिक सम्बन्ध सिफारिस | २००/- | |
| ७ | प्रमाणित सिफारिस | २००/- | |
| ८ | खानेपानी र विद्युत मिटर जडान र नामसारी | २००/- | |
| ९ | करचुक्ता सिफारिस | २००/- | |
| १० | पूर्जामा फोटो टाँस सिफारिस र प्रतिलिपि | २००/- | |
| ११ | पेन्सनपट्ट सिफारिस | २००/- | |
| १२ | घरबाटो खुलेको सिफारिस | ५००/- | |
| १३ | आयश्रोत सिफारिस | प्रतिलाख रु, ५०/- | |
| १४ | सम्पत्ति मुल्यांकन | २०००/- | बीस लाख सम्मको |
| | | | २० लाख भन्दा बढिमा प्रति लाखमा रु. १०० का दरले अतिरिक्त शुल्क लाग्ने (२०००+अतिरिक्त) |
| १५ | कागजात प्रमाणित | प्रति पाना रु. ५ | |
| १६ | अपाङ्ग परिचय पत्र सिफारिस | निःशुल्क | |
| १७ | ब्यहोरा प्रमाणित | २००/- | |
| १८ | व्यवसाय/संस्था दर्ता सिफारिस | ५००/- | |

| | | | |
|---|---|---|---|
| १९ | व्यवसाय/उद्योग दर्ता | ५,०००/- | |
| | | २,०००/- | |
| | | १,०००/- | |
| | | ५००/- | |
| २० | व्यवसाय नविकरण | ५००/- | |
| | | ३००/- | |
| | | २००/- | |
| | | १००/- | |
| २१ | जन्मदर्ता | निः शुल्क | |
| | विवाहदर्ता | निः शुल्क | |
| | मृत्युदर्ता | निः शुल्क | |
| | बसाईसराई दर्ता | ५००/- | |
| | सम्बन्ध विच्छेद | ५००/- | |
| २२ | दैवि प्रकोप सिफारिस | निःशुल्क | |
| २३ | नक्सापास प्रमाण | अभिलेखिकरणको प्रति स्क्वायर फुट रु. २ का दरले नयाँ नक्सा पास आवासीय प्रति स्क्वायर फुट रु. २ का दरले साथै व्यवसायिक रु. ५। | |

## अनुसूची १३:

## पर्यटन प्रवेश शुल्क

हाल यसको निर्धारण नगरिएकोले पछि गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

आज्ञाले

ज्ञानेन्द्र शर्मा

प्रमुख प्रशासकीय अधिकृत